दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्भनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २३३ | बुटवल | २०८३ भदौ १९ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday September 04, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## प्रतिनिधिसभा बैठक :

# बाढीमा फसेकाको उद्धारमा सरकार चुक्यो

बाढीग्रस्त क्षेत्रका ७ टनेलमध्ये ५ वटा टनेलमा सरकारले कुनै काम नगरेको आरोप पनि लगाइएको छ भने ग्रीन आर्मीबारे छानबिन गर्न पनि सांसदहरूले माग गरेका छन् ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रतिनिधिसभा बैठकमा विभिन्न दलका सांसदहरुले सरकारले बाढी प्रभावितको उद्धारमा सरकार चुकेको बताएका छन् । नेकपा एमालेका सांसद गुरु बरालले भोटेकोसी बाढीपछि सुरुङमा फसेकाहरूको उद्धारमा सरकार चुकेको बताए ।

बिहीबारको प्रतिनिधिसभा बैठकमा उनले भने-"टनेलभित्र फसेकाहरूको उद्धार कार्यमा सरकार गम्भीर रूपमा चुक्यो । दिलो ज्यानले यो कामलाई व्यवस्थित गर्न सकेन ।" उनले निर्माण क्षेत्रमा खटेका कम्पनीलाई उद्धारमा सामेल गराउन सकेको भए फसेका नागरिकहरूलाई बचाउन सकिने दाबी गरे । "निर्माण व्यवसायीलाई त्यस क्षेत्रमा सामेल नगराउने विषयले आज हामी गम्भीर समस्यामा पुगेका छौं ।"- उनले भने ।

अर्बौंको सहयोग वितरण र पुनर्निर्माणको काम सरकारले मात्र गर्न नसक्ने बरालको भनाइ छ । त्यसैले उच्चस्तरीय सर्वदलीय संसदीय समिति निर्माण गरी भइरहेका कामको निरीक्षण र सरकारलाई सहयोग गर्न आग्रह गरे । नेपाली कांग्रेसका सांसद खड्कबहादुर बुढाले भोटेकोसी बाढीमा सुरुङमा फसेकाहरूको उद्धार द्रुत गतिमा गर्न आग्रह गरे । उनले ठोस परिणाम देखिन नसक्नु चिन्ताजनक भएको बताए । "पुराना र प्रभावहीन उपकरणका भरमा उद्धार सम्भव हुँदैन । सञ्चारमाध्यममा उद्धार टोली सुरुङको मुखसम्म पुगेको प्रचार भइरहे पनि उद्धारमा ठोस परिणाम देखिन नसक्नु अत्यन्त चिन्ताजनक छ ।"- उनले भने ।

बुढाले उद्धार कार्य द्रुत गतिमा अघि बढाउन माग गरे । उनले विपद्मा सरकारले नागरिक खोज्नुपर्ने बताए । "पीडित परिवारको अनुनय विनयलाई सरकारले अब बेवास्ता नगरोस् । नागरिकको जीवनसँग खेलबाड गर्ने छुट कसैलाई छैन ।"- उनले भने ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)की सांसद बलावती शर्माले सुरुङमा फसेकाहरूको तत्काल उद्धार सम्भव नभएको भनाइ लज्जाजनक भएको टिप्पणी गरेकी छन् । सास नभए लास पाउने आशामा आफन्तको फोटो टाँसेर बसेको अवस्थामा प्रधानमन्त्रीको त्यस्तो अभिव्यक्ति आएको उनले बताइन् । "अन्तरिक्षमा समेत गएर जीव विज्ञानको खोजी गर्ने आजको युगमा मामुली सुरुङभित्र फसेका नागरिक उद्धार गर्ने प्रविधि छैन भन्ने प्रधानमन्त्रीको भनाइ सरासर झुट र लज्जाजनक भएन र ?"- उनले प्रश्न गरिन् । शर्माले विदेशी आएर सहयोग गर्छु भन्दा पाँच दिनसम्म अनुमति नदिइएको र पछि किन हात उठाइएको भनी सोधिन् । "जनताको पीडादायी जीवन र फेसबुक प्रचार एउटै होइन । मन्त्री, सांसद गएर स्थानीय पदाधिकारीलाई थर्काउने, स्टटन्ट गर्ने र कन्टेन्ट क्रियट गर्ने काम भयो ।"- उनले भनिन् । तीनै तहका सरकारबिच समन्वय नभएकोप्रति प्रश्न उनले गरिन् ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले नेपालमा आएको विनाशकारी बाढीको क्षतिपूर्ति अन्तर्राष्ट्रिय समुदायले गर्नुपर्ने माग गरेका छन् । उनले यो विनाश हुनुमा विकसित राष्ट्रहरू जिम्मेवार रहेको बताए । नेपालले अब राहत माग्ने होइन, क्षतिपूर्ति माग्ने समय आएको उनको भनाइ छ ।

झाले भने-'बाढीले पुऱ्याएको क्षति आफ्नो ठाउँमा छ । तर यसको क्षतिपूर्ति कसले व्यहोर्छ ? हामीले राहत होइन, क्षतिपूर्ति माग गर्ने समय आएको छ । यदि हाम्रो कारणले बाढी आएको होइन भने किन क्षति भोग्ने ?'

कार्बन उत्सर्जनका कारण जलवायु परिवर्तन भएको र यसमा विकसित राष्ट्रहरू जिम्मेवार रहेको उनले बताए । नेपालको कार्बन उत्सर्जनको अनुपात एक प्रतिशतभन्दा कम रहेको भन्दै झाले अमेरिका, चीन, भारत जस्ता राष्ट्रहरूबाट उच्च दरमा कार्बन उत्सर्जन भइरहेको तथ्याङ्क प्रस्तुत गरे ।

उनले भने-'अब समय आएको छ । नेपाली राजनीतिक पार्टीहरू सबै एक ठाउँ उभिएर अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्नुपर्छ । हामीलाई राहत होइन क्षतिपूर्ति देऊ भन्नुपर्छ । कार्बनमा जिम्मेवार सबै राष्ट्रले नेपाललाई क्षतिपूर्ति तिर्नुपर्छ । हामी अर्को पुस्तालाई यो देश यत्तिकै जिम्मा लगाउन सक्दैनौं ।' झाले प्रधानमन्त्री बालेन्द्र शाहलाई युएनलगायतका अन्तर्राष्ट्रिय सम्मेलनमा उपस्थित भएर यसबारे आवाज उठाउन माग गरे ।

नेकपा एमालेकी सांसद एशुदाकुमारी बरालले प्रविधि छैन भनेर उद्धारबाट सरकारले हात उठाउन नपाउने बताएकी छन् । नागरिक भन्दा ठूलो कुनै सरकार र व्यक्ति हुन नसक्ने उनले बताइन् ।

उनले भनिन्- 'प्रविधि छैन भनेर सरकारले हात उठाउन पाउँदैन । सुरुङभित्र भएका नागरिक हुनुहुन्छ, उहाँ अहिले पनि जीवित हुनुहुन्छ भन्ने आशा छ । त्यहाँभित्र अहिले पनि जीवित हुन सक्नुहुन्छ, त्यो कुरा तत्कालै सरकारले खोजी कार्यमा नागरिकको ज्यानलाई बचाउन आग्रह गर्छु ।' उनले आफ्नो जिल्ला कालिकोटबाट ६ जना बेपत्ता भएको समेत बताइन् । बेपत्ता भएकाहरूको खोजीमा आएकाहरूको बिचल्ली भएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् ।

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले बाढीपीडित नागरिकलाई पुनर्निर्माणमा जोड्न अधिकार सम्पन्न प्राधिकरणको गठन माग गरेका छन् । उनले उच्चस्तरीय संसदीय समिति गठनको पनि माग गरे ।

» बाँकी ३ पेजमा



## उद्धारमा ढिलाइ अपराध सरह : शर्मा

बुटवल । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले भोटेकोसीमा आएको विपत्ति लगत्तै राष्ट्रिय विपद्लाई एकताका साथ सामना गर्नुपर्छ भन्ने नीतिका साथ पार्टीले सरकारलाई सहयोग गरेको बताएका छन् ।

पार्टीको नीति प्रतिष्ठानको बैठकमा बोल्दै उनले सरकारलाई सहयोग गरे पनि गर्ने अवस्थामा कांग्रेस पुगेको जनाए । रसुवाका जलविद्युत् आयोजनाका सुरुङमा फसेकाहरूको प्राविधिकले गर्नुपर्ने उद्धारमा खेलबाड गरेर मन्त्रीहरू प्रचारबाजीमा रमाएको टिप्पणी गरे । उनले उद्धारमा ढिलाइ गरेर सरकारले मानवताविरुद्धको अपराध सरहको काम भएको जिकिर गरे ।

प्रतिष्ठानले बाढी प्रभावित क्षेत्रमा राहत एवं उद्धार केन्द्रित रहेर स्थानीय जनप्रतिनिधिसँग गरेको छलफल समेत गरेको छ । एउटालाई परेको विपत्तिमा अर्कालाई सघाउने भावनाका साथ स्थानीय तहबिच समन्वय गरेर सहयोग गर्न पनि उनले आग्रह गरे ।

छलफलको प्रारम्भमा रसुवा, नुवाकोट र धादिङका पार्टी सभापतिले पीडित र प्रभावित नागरिकले समयमा उद्धार र राहत नपाएको उनले जानकारी गराए । उनले सङ्घीय सरकारले स्थानीय सरकार र जनप्रतिनिधिलाई बेवास्ता गरेर काम गर्न खोजेका कारण समस्या आएको जानकारी गराए ।

छलफलमा शव गृहमा राखेका शवमा पनि लुटपाट भएको, सत्तारूढ दलका नेता कार्यकर्ताले हरेक ठाउँमा पहुँच पाएको, तर जनप्रतिनिधिलाई निषेध गरिएकोमा सहभागीहरूले रोष व्यक्त गरे ।

छलफलमा नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गाना, गाउँपालिका राष्ट्रिय महासंघका निवर्तमान महासचिव वंशलाल तामाङका साथै रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, काठमाडौं, ललितपुर र भक्तपुरका महानगर, नगर र गाउँपालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्ष तथा पार्टी प्रतिनिधिहरू सहभागी थिए ।

## भदौ २२ गते राष्ट्रिय शोक दिवस

बुटवल । सरकारले रसुवा बाढीमा ज्यान गुमाएकाहरूको सम्मान स्वरुप राष्ट्रिय शोक दिवस बनाउने निर्णय गरेको छ ।

बिहीबार दिउँसो बसेको मन्त्रीपरिषद् बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

उनका अनुसार, बाढीमा मृत्युवरण गर्ने व्यक्तिहरूको सम्मानस्वरुप उक्त घटना भएको १३औं दिनको पुण्यतिथी पारेर सरकारले शोक दिवस मनाउन लागेको हो ।

भदौ २२ गते सोमबार राष्ट्रिय शोक मनाउने निर्णय भएको उनले बताए । सो दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दूतावास एवं नियोगहरूमा नेपाली झण्डा आधा झुकाउने निर्णय पनि भएको छ ।

## सहयोग र समन्वय भएन : स्थानीय जनप्रतिनिधि

बुटवल । नेपाली कांग्रेसका स्थानीय जनप्रतिनिधिहरूले भोटेकोसी नदीमा आएको बाढीपछि उद्धार र राहत कार्यमा सक्रिय भूमिका निर्वाह गर्न खोजे पनि सरकारबाट अपेक्षित सहयोग र समन्वय नपाएको गुनासो गरेका छन् ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले बिहीबार बाढी प्रभावित क्षेत्रका स्थानीय जनप्रतिनिधिसँग राहत तथा उद्धार केन्द्रित छलफल आयोजना गरेको थियो ।

छलफलमा कांग्रेसका उप-सभापति तथा प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले राष्ट्रिय संकटलाई एकताबद्ध भएर सामना गर्नुपर्ने नीति लिई पार्टीले सरकारलाई सहयोग गरेको बताए । तर, अब सरकारलाई प्रश्न गर्ने अवस्था आएको उनको भनाइ थियो ।

रसुवाका जलविद्युत् आयोजनाका सुरुङमा फसेकाहरूको उद्धार प्राविधिक रूपमा गर्नुपर्ने अवस्थामा खेलवाड भएको र मन्त्रीहरू प्रचारबाजीमा केन्द्रित भएको शर्माको आरोप थियो । उनले यसलाई मानवताविरुद्धको अपराधसरहको काम भएको टिप्पणी गरे ।

उनले विपत्तिमा परेका एक स्थानीय तहलाई अर्कोले सहयोग गर्ने भावना विकास गर्न तथा आपसी समन्वयमार्फत राहत र उद्धारलाई प्रभावकारी बनाउन जनप्रतिनिधिहरूलाई आग्रह गरे ।

रसुवा, नुवाकोट, धादिङका पार्टी सभापतिहरूले पीडित तथा प्रभावित नागरिकले समयमा उद्धार र राहत नपाएको जानकारी गराएका थिए ।

» बाँकी ३ पेजमा

# विपद र चाडपर्वको बेला कालोबजारी



बुटवल । रसुवागढी बाढीपहिरोले पुऱ्याएको क्षतिका कारण सिङ्गो देश शोकमा भएका र नजिकिँदै गरेका चाडपर्वको दोहोरो मौका छोपेर बिचौलिया, ठुला आयातकर्ता र होलसेल व्यापारीहरूले कालोबजारी सुरु गरेको उपभोक्ता अधिकारकर्मीले गुनासो गरेका छन् ।

सडक अवरुद्ध हुँदा नयाँ सामान भित्रिन नसकेको बहाना बनाएर व्यापारीहरूले महिनौँ अघिदेखि गोदाममा थन्क्याइएका पुरानै स्टक खाद्यान्न र ग्यासमा रातारात मूल्य बढाएका छन् । चामल, खानेतेल, दाल, गेडागुडीदेखि खाना पकाउने एलपी ग्याससम्ममा गरिएको यो अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभावले आम सर्वसाधारणको दैनिकी अत्यन्तै कष्टकर बनेको छ ।

बजार नियमन र नियन्त्रण गर्ने प्रमुख दायित्व बोकेको सरकार र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको भूमिका भने लाचार, फितलो र 'कर्मकाण्डी' मात्र देखिएको छ ।

प्रमुख थोक तथा खुद्रा व्यापारिक केन्द्रहरूले खाद्यान्नको कृत्रिम अभाव सिर्जना गरी अचाक्ली मूल्य बढाएका छन् । बजारमा अहिले २५ केजीको जिरा मसिनो, बासमती र तलेजु चामलको प्रतिबोरा मूल्यमा ५०० देखि ६०० रुपैयाँसम्म वृद्धि भएको पाइएको छ ।

एक महिनाअघिसम्म खुद्रा बजारमा २ हजार २०० रुपैयाँ प्रतिबोरा पाइने चामलको होलसेल मूल्य नै अहिले २ हजार ४०० पुगेको छ । खुद्रा पसलमा उक्त चामल २ हजार ६५० रुपैयाँसम्म पुऱ्याइएको छ । होलसेलमा १९ सय रुपैयाँ प्रतिबोरा पर्ने चामललाई अहिले २४ सय भन्दा बढी भन्न थालिएको छ । खानेतेलको अवस्था झनै भयावह छ । दुई साताअघि मात्र प्रति कार्टुन २ हजार ७२५ रुपैयाँमा खरिदबिक्री भइरहेको सनफ्लावर तेललाई अहिले व्यापारीहरूले २ हजार ९५० रुपैयाँभन्दा माथि मूल्यमा बेचिरहेका छन् । एक कार्टुनमा २५० रुपैयाँभन्दा बढीको मूल्यवृद्धि कुनै पनि आर्थिक सिद्धान्त र बजारको स्वाभाविक नियमभित्र पर्दैन । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेर वा नयाँ भन्सार दरले महँगो भएर यो मूल्यवृद्धि भएको होइन, बरु सडक बन्द भएको हल्ला फैलिने बित्तिकै गोदामका सटर बन्द गरेर लुकाइएका पुरानै सामानहरूमा नयाँ 'ट्र्याग' टाँसिएको मात्र हो ।

बजारमा अहिले दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिसँगै खाना पकाउने ग्यासको समेत अभाव देखिएको छ । सडक अवरुद्ध भएको केही दिन बित्न नपाउँदै ग्यास डिपोहरूमा 'ग्यास छैन' भन्ने बोर्ड झुन्ड्याइएको छ । ग्यास नपाउँदा विशेषगरी डेरा गरी बस्ने विद्यार्थी, ज्यालादारी मजदुर र न्यून आय भएका सर्वसाधारणको बिजोग भएको छ ।

उपभोक्ता अधिकारकर्मी विष्णुप्रसाद तिमिल्सिनाका अनुसार सरकारले बजारमा ३ देखि ४ महिनासम्म पुग्ने खाद्यान्न र अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात (स्टक) रहेको दाबी गर्दै आएको छ । यसका बाबजुद केही दिनमात्रै सडक अवरुद्ध हुँदा बजारमा यसरी हाहाकार मच्चिनु र पहिले नै भित्रिएका पुराना सामानमा समेत मनपरी मूल्य बढाइनु सरासर गैरकानुनी र कालोबजारी भएको उनको तर्क छ ।

मूल्यवृद्धिको विषयमा खुद्रा व्यापारीहरू भने आफूहरू 'बलिको बोको' मात्र भएको बताउँछन् । नेपाल खुद्रा व्यापार संघका अध्यक्ष पवित्र बज्राचार्य बजारमा मूल्यवृद्धिको मुख्य जरो खुद्रा पसल नभई ठुला आयातकर्ता र होलसेल व्यापारीहरू भएका बताउँछन् । सरकारी अनुगमनकारी निकायहरुले खुद्रा पसलमा अनुगमन गरेर कारबाही गर्ने गरेको तर आयातकर्ता र ठुला होलसेल व्यापारीलाई अनुगमन तथा नियमनको दायरामा ल्याउन नसकेको उनको भनाइ छ ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाऊ

विपतपछिको उद्धार र राहतमा सक्रिय हुन बानी परेका हामीकहाँ विपतपूर्वको सूचना प्रणाली फितलो छ । विपतपूर्वको सूचना प्रणालीले सम्भावित जोखिम न्यूनीकरण गर्न सक्छ । मानवीय र भौतिक क्षति न्यून गर्न सक्छ । सूचना प्रणालीलाई प्रभावकारी बनाउने बारेमा विगतदेखि नै छलफल हुँदै आए पनि व्यवहारिक कार्यान्वयनको पाटो फितलो छ ।

दुई वर्षअघि भोटेकोसीमा आएको बाढीपछि पूर्व सूचना प्रणाली प्रभावकारी बनाउनेबारे धेरै छलफल भयो । चीनसँग मिलेर सूचना प्रणाली बनाउने पनि भनियो, तर व्यवहारिक कार्यान्वयन भएन् । चीन-नेपाल अन्तरदेशीय सूचना प्रणाली बनाउन सकेको भए अहिलेको बाढीबाट भएको क्षति न्यूनीकरण हुनसक्थ्यो । नेपाल-भारतबिचको अन्तरदेशीय सूचना प्रणालीलाई व्यवस्थित बनाउन उत्तिकै आवश्यक छ । अझ कतिपय अवस्थामा नेपाल, चीन र भारतबिच बहुपक्षीय सूचना प्रणाली पनि बनाउन सकिन्छ । छिमेकी मुलुक चीन र भारतसँग प्रविधि र स्रोत छ, त्यो प्रविधि र स्रोतलाई प्रयोग गर्नका लागि हामीले हात र साथ दिँदा फाइदा हाम्रै लागि हो । स्रोत र प्रविधि भएको मुलुकसँग साझेदारी गरी फाइदा लिन किन चुकिरहेका छौं ? हामीकहाँ समस्या कहाँनेर छ, पहिचान गरी हटाउनुपर्छ ।

सूचना प्रणाली अन्तरदेशीय मात्रै होइन, आन्तरिक पनि फितलो छ । तहगत सरकारबिचको समन्वय र सहकार्य जुन ढंगले हुनुपर्दथ्यो, हुन सकिरहेको छैन । तहगत सरकारबिच सूचना प्रणाली प्रभावकारी बनाउन चासो छैन । तहगत सरकारबिच जुन ढंगको दूरी छ, यसले संघीय शासन प्रणालीबाट नागरिकले अपेक्षित लाभ लिन सकिरहेका छैनन् । संघीय सरकारले पूर्व सूचना प्रणाली बनाएर प्रदेश र स्थानीय सरकारलाई जोड्न सक्दा जोखिम न्यूनीकरण गर्न सम्भव छ । चार वर्षअघि बेमौसमी वर्षाले स्याहार्न काटेको धान डुबानमा पऱ्यो । डुबानले लुम्बिनी प्रदेशमा आठ अर्बभन्दा धेरैको धान नोक्सान भयो । जल तथा मौसम विज्ञान विभागले केही दिन भारी वर्षा हुन सक्ने प्रक्षेपण गर्दै बाली नोक्सानी हुन सक्छ भन्दै कृषि मन्त्रालयलाई जानकारी पनि गरायो । त्यो जानकारी पालिका तहसम्म जाने र त्यहाँबाट समुदाय तहसम्म जाने प्रणाली बनाउन सकेको भए अर्बौंको धानबाली नोक्सान हुन सक्ने थिएन् । किसानले धान काट्ने थिएनन् । बाढी, वर्षा, भूकम्प, हिमपात, हिमपहिरो जस्ता विपतबाट क्षति न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक र बाह्य सूचना प्रणाली बनाउन भोटेकोसी बाढीले सवक सिकाएको छ ।

दुई दशक अघि कृष्णभीरको पहिरोको अध्ययन टोलीले यो सडकको विकल्प खोज्नुपर्ने निष्कर्ष निकाल्यो । तर सडकको विकल्प खोजिएन् । अहिले समस्या आयो । त्रिशुली कटानले सडक बाँकी रहेन । अब भित्तातर्फ खन्दा ठूलो पहिरोको जोखिम छ, बगेको सडक तलैबाट पर्खाल लगाएर उठाउन बर्खामा सम्भव छैन । २०५५ सालमा ज्योतिनगर पहिरो अध्ययन टोलीले ज्योतिनगर र लक्ष्मीनगरको जोखिमयुक्त बस्ती स्थानान्तरण गर्न र पहिरो क्षेत्रमा मानवीय गतिविधि नगर्न भन्दै प्रतिवेदन तयार गऱ्यो, तर प्रतिवेदन कार्यान्वयन भएन् । मानवीय गतिविधि नगर्न भनेको ठाउँमा अत्याधिक मानवीय गतिविधि भयो । सडक बन्यो, खानेपानीको ट्याङ्की बन्यो, मन्दिरलगायतका अरु संरचना बने । विज्ञको अध्ययन प्रतिवेदनलाई दराजमा थन्काएर राख्ने बानी परेकाहरुले बानी नबदल्ने हो भने निरन्तर भोटेकोसी झैं विपत व्यहोर्न बाध्य हुनेछौं । अब पूर्व सूचना प्रणालीलाई व्यवस्थित बनाउने, जोखिमयुक्त ठाउँमा बस्तीलाई वैकल्पिक ठाउँमा राख्ने र पूर्वाधार निर्माण गर्दा सम्भावित जोखिमको हेक्का राख्ने हो भने हामी विपतको सामना गर्न सक्छौं ।

# भोटेकोसीको महाविपत्ति



ऋपेन्द्र जिसी

भोटेकोसी प्राकृतिक महाविपत्ति हो । यसले धेरै इञ्जिनियर, कर्मचारीहरु र नागरिकहरुको ज्यान खाएको छ । रुवाबासी चलेको छ । विद्युत् पावर हाउस पनि ध्वस्त पारेको छ । यो महाविपत्ति आयो आयो । केही समयपछि यो क्रमशः बिर्सिएला पनि, तर यसबाट राज्यले शिक्षा लिनै पर्छ । त्यो शिक्षा भनेको के हो भने प्राकृतिक विपत्ति आउनु पूर्व नै यसको रोकथामका लागि पर्याप्त पूर्ण तयारी गर्नुपर्दछ ।

**विषय प्रवेशः**

भाद्र महिना २०८२ देखि यस्तै त्यस्तै छ । २०८२ को भाद्र २३/२४ गते परिवर्तनका नाममा ७५/७६ जना नानी बाबु मारिए । तत्कालीन सरकार ढल्यो । सुशीला कार्की सरकार बन्यो । ७५/७६ जना मारिएका नानीबाबु र राष्ट्रिय सम्पदा खरानी पार्नेको समीक्षा किन भएन यो रहस्मय छ । त्यसले पनि छानबिन गरेन । त्यही सरकारले सुकुम्वासी र अव्यवस्थितलाई नयाँ बसोवासी गराउने भनेर डोजरहरु चले । घर भत्काइए । त्यसले नयाँ सुकुम्वासी जन्मायो ।

२०८३ भाद्र १० गते भोटेकोसीको ताण्डवनृत्य देखियो । त्रिशुली र रसुवाको पावर हाउस र आसपासका बस्तीका मानिसहरुलाई बगायो । पावर हासउभित्र कार्यरत इञ्जिनियर तथा कर्मचारीहरु करिब ७७२ भन्दा बढी पावर हाउसमै थुनिएको अनुमान छ । सरकारलाई सघाउँछौं भन्दा विदेशी मित्रहरु भारत, चीन समेतलाई पर्दैन हामी सक्षम छौं भनेछ । हाम्रा मान्छे खोज्देऊ भनेर परिवारले प्रेसर गरेपछि ७ दिनपछि सरकारले बल्ल बल्ल सुनेछ । तर ढिला भो । घटना घटेको २४ घण्टासम्म उत्तम त्यसपछि मध्यम हुँदोरहेछ । त्रिशुली ३ ए मा रहेका ७ सय भन्दा बढी प्राविधिक र अन्य कर्मचारीको अत्तोपत्तो छैन । परिवारको रुवाबासी छ । चाइनिज सहयोगी टिम तीन दिनदेखि उद्धारमा रातदिन जुटेको बताइन्छ ।

ताजा समाचार तथा अन्तर्राष्ट्रिय स्रोतहरू जाँचेर हेर्दा एउटा महत्वपूर्ण तथ्य सच्याउनुपर्ने देखियो "त्रिशूली-१ सुरुङमा ७२/७३ जना अझै थुनिएका छन्" भन्ने कुरा अहिले स्थानीक स्रोतले बताउँछ ।

**. विपत्ति कसरी उत्पन्न भयो ?**

२०८३ भदौको यो विनाशकारी घटना सामान्य वर्षाजन्य बाढी मात्र नभएको प्रारम्भिक वैज्ञानिक तथा समाचार विवरणहरूले देखाउँछन् । हिमाली क्षेत्रमा हिमनदी/हिमतालको संरचना भत्किएर आएको अत्यन्त ठूलो आकस्मिक पानीको बहावले भोटेकोसी तथा त्यससँग जोडिएका नदी प्रणालीमा असाधारण बाढी ल्यायो ।

बाढीले रसुवा, नुवाकोट, धादिङ हुँदै त्रिशूली नदीको तल्लो भागसम्म ठूलो विनाश गऱ्यो । सडक, पुल, बस्ती, विद्युत् आयोजना, सुरुङका प्रवेशद्वार र सञ्चार संरचना समेत क्षतिग्रस्त भए ।

**मृत्यु र बेपत्ताको अवस्था**

भदौ १६ सम्मको अन्तर्राष्ट्रिय समाचार विवरण अनुसार नेपालमा मृत्यु हुनेको संख्या करिब १२ सय १८ पुगेको र करिब ४ हजारभन्दा बढी बेपत्ता भएको बताइन्छ ।

**सबैभन्दा ठूलो मानवीय संकट : जलविद्युत् आयोजनाका सुरुङ**

यो घटनाको अत्यन्त पीडादायी पक्ष जलविद्युत् आयोजनाका सुरुङहरूमा काम गरिरहेका मजदुर, प्राविधिक र इञ्जिनियरहरू ठूलो संख्यामा सम्पर्कविहीन हुनु हो ।

एक स्रोतका अनुसार १२ वटा जलविद्युत् आयोजनाहरू प्रभावित भएका छन् र करिब ९०० कामदार हराइरहेको अनुमान गरिएको छ, तीमध्ये करिब ५०० जना सुरुङभित्र फसेको हुनसक्ने आशंका गरिएको थियो । सुरुङहरू हिलो, ढुंगा र भग्नावशेषले बन्द भएका कारण उद्धार अत्यन्त कठिन भएको छ ।

**त्रिशूली-१ को वास्तविक अवस्था**

सरकारले विदेशी प्राविधिहरुलाई समयमै आमन्त्रण गर्न इन्कार गर्नु, नेपाल नै सक्षम छ भनी फूर्ति ल्याउनु, नेपाली प्राविधिक विशेषज्ञहरुलाई पनि उद्धारमा परिचालन नगर्नु, सारतः सरकार लापरबाहीपूर्ण ढंगले उद्धार र राहत वितरणमा रहनु, अटेरी बनेको देखियो ।

त्यसैगरी त्रिशूली-३ एमा काम गर्ने एक सर्वेक्षकले पहिलो दिनमै तीन-चार एक्स्काभेटर र एउटा ब्रेकर ल्याइएको भए उद्धार छिटो हुन सक्थ्यो भन्दै सामाजिक सञ्जालमार्फत आक्रोश व्यक्त गरेको समाचार आएको छ । यो चाहिँ सम्बन्धित व्यक्तिको भनाइ हो ।

भारत, चीन, दक्षिण कोरिया लगायतका देश तथा अन्तर्राष्ट्रिय टोलीहरूले सहयोगको प्रस्ताव/सहयोग गरेका थिए । पछि विदेशी प्राविधिक तथा उद्धार टोलीहरू नेपालमा आएर काममा सहभागी भएको प्रमाणित समाचारहरू छन् ।

उदाहरणका लागि, भारतबाट विशेष सुरुङ उद्धारका लागि १३ सदस्यीय भारतीय सेना टोली नेपाल आएको विवरण छ ।

त्यसैगरी चिनियाँ तथा दक्षिण कोरियाली टोली र उपकरणहरूले पनि खोज तथा उद्धारमा सहयोग गरेका छन् ।

विदेशी विशेषज्ञ र उपकरण आवश्यक पर्ने अवस्था पहिचान भएपछि तिनलाई पहिलो घण्टादेखि नै परिचालन गर्न किन सकिएन ?

यो प्रश्नचाहिँ गम्भीर सार्वजनिक अनुसन्धानको विषय हो ।

प्राकृतिक/भौगोलिक कारण

हिमनदी/हिमाली संरचना भत्किनु

असाधारण पानीको बहाव

पहिरो र नदी कटान

दुर्गम हिमाली भूगोल

नदीमा अत्यधिक माटो, ढुंगा र भग्नावशेष

यी कारणहरूलाई कसैले आदेश दिएर रोक्न सक्दैन ।

तर सम्भावित प्रशासनिक कमजोरी

पूर्व सूचना प्रणाली पर्याप्त भएको पाएन जलविद्युत् आयोजनाहरूमा अपत्कालीन उद्धार योजना प्रभावकारी भएको देखिएन । सुरुङभित्र आपतकालीन सञ्चार प्रणाली अभाव रहेको पाइयो ।

विपत्ति सुरु भएपछि नेपाली सेना, सुरक्षा टिम, सशस्त्र प्रहरी सक्रिय भए । तर तीन तहका सरकारकाबिच जुन खालको समन्वय हुनुपर्ने थियो त्यो पाएन । आयोजनाका कामदारको वास्तविक संख्या र अवस्थाको तत्काल अभिलेख किन उपलब्ध भएन ? यी प्रश्नहरूको उत्तर नआएसम्म कति मान्छे मरे भनेर भन्न सक्ने अवस्था छैन ।

यो विपत्तिले नेपालमा जलविद्युत् विकासको अर्को कमजोर पक्ष पनि देखाएको छ ।

हामीले विद्युत् उत्पादनमा ठूलो लगानी गरिरहेका छौँ । तर बाढी, हिमताल विस्फोट, पहिरो र हिमनदी भत्किने अवस्थालाई आयोजना डिजाइनमा कति समेटेका छौँ ? सुरुङ बनाउनु मात्र पर्याप्त होइन । हरेक ठूलो जलविद्युत् आयोजनामा आपतकालीन निकास, सञ्चार, विद्युत् ब्याकअप, हावा/अक्सिजन पानी,

खाद्य सामग्री, उद्धार उपकरण, वैकल्पिक पहुँच मार्ग नियमित अनिवार्य हुनुपर्छ, आवश्यक पुल पनि ।

सबैभन्दा संवेदनशील प्रश्न यही हो । यदि सुरुङभित्र मानिसहरू जीवित रहेको सूचना पहिलो घण्टामै आएको थियो भने कति समयभित्र उद्धार सम्भव थियो ? यदि आवश्यक उपकरण समयमै पुऱ्याउन सकेको भए धेरैको जिउ ज्यान बचाउन सकिन्थ्यो भन्ने देखिन्छ ।

यदि विदेशी सुरुङ विशेषज्ञ टोली पहिलो दिनमै परिचालन गरिएको भए सबै कर्मचारी, प्राविधिक इञ्जिनियरहरुलाई बचाउन सकिन्थ्यो भनी सहजै अनुमान गर्न सकिन्छ ।

**अब गर्नुपर्ने काम**

मेरो विचारमा यो विपत्तिमा सरकारले एउटा स्वतन्त्र उच्चस्तरीय न्यायिक/प्राविधिक छानबिन आयोग गठन गर्नुपर्छ ।

**आयोगले कम्तीमा यी विषय जाँच्नुपर्छः**

बाढीको वास्तविक उत्पत्तिको वैज्ञानिक कारण ।

बाढीको पूर्व सूचना कहिले उपलब्ध थियो ?

कुन निकायले कहिले सूचना पायो ?

सुरुङभित्र कति मानिस थिए ?

उनीहरूको नामावली र अन्तिम सम्पर्क समय ।

पहिलो उद्धार टोली कहिले पुग्यो ?

भारी उपकरण कहाँ थियो ?

विदेशी सहायता कहिले प्रस्ताव भयो ?

प्रस्तावित सहायता स्वीकार गर्न कति समय लाग्यो ?

कुन व्यक्तिको कुन निर्णयले उद्धार ढिलो भयो ?

**निष्कर्ष**

भोटेकोशी-त्रिशूली विपत्ति केवल एउटा प्राकृतिक प्रकोप होइन, यसले नेपालको विपद् व्यवस्थापन, जलविद्युत् आयोजना सुरक्षा, सुरुङ उद्धार क्षमता र सरकारी निर्णय प्रणालीको परीक्षा लिएको छ ।

प्राकृतिक विपत्तिका कारण भएको मृत्यु र समयमै उद्धार नगर्दा सम्भावित रूपमा थपिएको मृत्यु एउटै कुरा होइन । दोस्रो विषय प्रमाणित भएमा त्यो गम्भीर प्रशासनिक जवाफदेहिताको विषय बन्न सक्छ ।

अन्तर्राष्ट्रिय रिपोर्टले समेत यस विपत्तिमा नेपालको सुरुङ उद्धार तयारी, विशेष उपकरण र विशेषज्ञताको कमीबारे प्रश्न उठाएको छ ।

एक द्वार प्रणालीबाट राहत वितरण गर्नु राम्रै भए पनि सुरुका दिनहरुमा एक द्वार प्रणाली लागू गर्दा धेरै पीडितहरुले राहत पाउन सकेन ।

**अन्त्यमा**

भोटेकोसी प्राकृतिक महाविपत्ति हो । यसले धेरै इञ्जिनियर, कर्मचारीहरु र नागरिकहरुको ज्यान खाएको छ । रुवाबासी चलेको छ । विद्युत् पावर हाउस पनि ध्वस्त पारेको छ । यो महाविपत्ति आयो आयो । केही समयपछि यो क्रमशः बिर्सिएला पनि, तर यसबाट राज्यले शिक्षा लिनै पर्छ । त्यो शिक्षा भनेको के हो भने प्राकृतिक विपत्ति आउनु पूर्व नै यसको रोकथामका लागि पर्याप्त पूर्ण तयारी गर्नुपर्दछ ।

# बाढीपछि आउने अर्को संकट : संक्रमणजन्य स्वास्थ्य समस्या



डा. शेरबहादुर पुन

बाढी र पहिरो आउँदा हाम्रो ध्यान स्वाभाविक रूपमा उद्धार, राहत र सुरक्षित स्थानमा मानिसलाई सार्नेतर्फ केन्द्रित हुन्छ । यो आवश्यक पनि हो । तर विपद्को तत्कालीन संकट व्यवस्थापन गरिसकेपछि अर्को संकट आउन सक्छ भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन । त्यो हो-स्वास्थ्य संकट ।

बाढीको पानी घट्दैमा जोखिम घट्छ भन्ने हुँदैन । कतिपय अवस्थामा पानी घटेपछि नै सरुवा रोगको जोखिम बढ्न सक्छ । दूषित पानी, असुरक्षित खानेकुरा, सरसफाइको अभाव, पानी जमेको ठाउँ, बढ्दो लामखुट्टे र ठूलो संख्यामा विस्थापित मानिसहरू एउटै स्थानमा बस्नुपर्ने अवस्थाले विभिन्न संक्रमण फैलिनका लागि वातावरण तयार गर्न सक्छ ।

बाढीपछि हैजा, झाडापखाला, टाइफाइड, लेप्टोस्पाइरोसिस, डेंगु, मलेरिया, स्क्रब टाइफस तथा हावाबाट सर्ने संक्रमणको जोखिमलाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ ।

**शवभन्दा शवमा आकर्षित हुने जीव बढी जोखिमपूर्ण हुन सक्छन्**

बाढीमा मानिस वा पशुचौपायाको मृत्यु हुँदा शव व्यवस्थापन महत्वपूर्ण विषय हो । तर शव देख्नेबित्तिकै त्यसबाट प्रत्यक्ष रूपमा महामारी फैलिन्छ भन्ने बुझाइ पूर्ण रूपमा सही होइन ।

समस्या अर्को ठाउँमा पनि छ। लामो समयसम्म शव व्यवस्थापन हुन नसक्दा त्यसमा मुसा, किराफट्याङ्ग्रा तथा अन्य जीवजन्तु आकर्षित हुन सक्छन् । यिनै जीवमार्फत संक्रमण फैलिने अप्रत्यक्ष जोखिम बढ्छ ।

उदाहरणका लागि, संक्रमित मुसाको पिसाबबाट लेप्टोस्पाइरोसिस फैलिन सक्छ । बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत र व्यवस्थापनमा खटिएका मानिसहरू यस्ता स्रोतको सम्पर्कमा आउन सक्छन् । विस्थापित मानिसहरू पनि जोखिममा पर्न सक्छन् ।

त्यसैले शव व्यवस्थापनलाई केवल मानवीय र सामाजिक दायित्वका रूपमा मात्र हेर्नु हुँदैन । यो जनस्वास्थ्यसँग पनि प्रत्यक्ष जोडिएको विषय हो ।

**दूषित पानी : बाढीपछिको सबैभन्दा ठूलो चिन्ता**

बाढीपछि मेरो सबैभन्दा ठूलो चिन्तामध्ये एउटा सुरक्षित खानेपानीको उपलब्धता हो । बाढीले पानीका स्रोत दूषित बनाउन सक्छ । मानिसहरू विस्थापित अवस्थामा हुन्छन् । कतिपय ठाउँमा खानेपानीको नियमित आपूर्ति हुँदैन । यस्तो अवस्थामा सुरक्षित पानी नपाउँदा मानिसहरू बाध्य भएर असुरक्षित पानी प्रयोग गर्न सक्छन् ।

त्यसपछि हैजा, झाडापखाला, टाइफाइड र कमलपित्तजस्ता पानीजन्य रोगको जोखिम बढ्छ ।

यस्ता रोग फैलिन धेरै ठूलो कारण आवश्यक पर्दैन । एउटा असुरक्षित पानीको स्रोत, कमजोर सरसफाइ र ठूलो संख्यामा मानिसहरूको जमघटले संक्रमण फैलिन पर्याप्त वातावरण बनाउन सक्छ । त्यसैले बाढीपछि राहत सामग्रीमा खानेकुरा र कपडासँगै सुरक्षित पानीलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ ।

**शौचालयको अभाव सामान्य समस्या होइन**

विस्थापित मानिसहरू अस्थायी आश्रयस्थलमा बस्दा शौचालयको उचित व्यवस्था नहुन सक्छ । हामीले यसलाई सामान्य व्यवस्थापनको समस्या भनेर बेवास्ता गर्नु हुँदैन ।

कतिपय संक्रामक रोग लागेका व्यक्तिमा सुरुमा कुनै लक्षण नदेखिन सक्छ । बाहिरबाट हेर्दा मानिस स्वस्थ देखिए पनि उसको दिसा वा पिसाबबाट संक्रमण बाहिर निस्किरहेको हुन सक्छ ।

अब कल्पना गरौँ- धेरै मानिस एउटै ठाउँमा बसिरहेका छन्, पर्याप्त शौचालय छैन, पानीको व्यवस्था कमजोर छ र सरसफाइमा समस्या छ। यस्तो अवस्थामा एउटा व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण फैलिन कति सजिलो हुन्छ ।

त्यसैले बाढी प्रभावित क्षेत्रमा शौचालय कुनै अतिरिक्त सुविधा होइन, स्वास्थ्य सुरक्षाको आधारभूत आवश्यकता हो ।

साबुनपानीको व्यवस्था पनि त्यत्तिकै महत्वपूर्ण छ । खाना खानुअघि र शौचालय प्रयोग गरेपछि साबुनपानीले हात धुने बानीले धेरै प्रकारका संक्रमणबाट जोगाउन सक्छ ।

**पानी जम्यो भने लामखुट्टेको जोखिम बढ्छ**

बाढीपछि अर्को समस्या लामखुट्टेको हो ।

पानी जम्ने ठाउँ बढेपछि लामखुट्टेका लागि प्रजनन् गर्ने वातावरण तयार हुन्छ । त्यसले डेंगु र मलेरियाको जोखिम बढाउन सक्छ ।

पछिल्लो समय झाडापखाला र ज्वरोका बिरामी बढिरहेका छन् । लामखुट्टेको संख्या पनि बढिरहेको छ । डेंगुका बिरामी फाट्टफुट्ट देखिने क्रम जारी छ । यस्तो अवस्थामा बाढीपछि स्वास्थ्य चुनौती थपिन सक्छ ।

त्यसैले बाढीको समयमा लामखुट्टे नियन्त्रणलाई पनि विपद् व्यवस्थापनकै एउटा महत्वपूर्ण हिस्सा मान्नुपर्छ । पानी जम्ने ठाउँको व्यवस्थापन र जोखिमयुक्त क्षेत्रमा निगरानी आवश्यक हुन्छ ।

**बालबालिका र गर्भवतीलाई छुट्टै प्राथमिकता चाहिन्छ**

विपद्को समयमा सबै मानिस समान रूपमा जोखिममा हुँदैनन् । बालबालिका र गर्भवती महिलालाई विशेष ध्यान दिनुपर्छ ।

बालबालिकामा सामान्य संक्रमण पनि गम्भीर बन्न सक्छ। त्यसैले उनीहरूलाई सुरक्षित पानी र खानेकुरा उपलब्ध गराउनुका साथै व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ। जथाभावी खानेकुरा खान दिनु हुँदैन ।

गर्भवती महिलाको आवश्यकता अझ फरक हुन्छ । उनीहरूलाई औषधि मात्र दिएर स्वास्थ्य सुरक्षा सुनिश्चित हुँदैन । आवश्यक पोषणयुक्त खानेकुरा, नियमित स्वास्थ्य सेवा र आवश्यक औषधिको पहुँच पनि सुनिश्चित गर्नुपर्छ ।

विपद्को समयमा राहत वितरण गर्दा पनि यी फरक आवश्यकतालाई ध्यान दिनुपर्छ ।

**बिरामी देखिएपछि होइन, जोखिम देखिएपछि तयारी**

बाढी प्रभावित क्षेत्रमा कसैलाई झाडापखाला, ज्वरो वा अन्य संक्रमणका लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा पुऱ्याउनुपर्छ । उपचारमा ढिलाइ गर्नु हुँदैन ।

तर हाम्रो तयारी बिरामी देखिएपछि मात्र सुरु हुनु हुँदैन ।

कुन क्षेत्रमा कति मानिस विस्थापित भएका छन् ? उनीहरू कहाँ बसिरहेका छन् ? खानेपानीको अवस्था कस्तो छ ? शौचालय पर्याप्त छन् कि छैनन् ? लामखुट्टेको अवस्था कस्तो छ ? स्वास्थ्य संस्था कति टाढा छ ? औषधि पर्याप्त छ कि छैन ?

यी प्रश्नको उत्तर पहिल्यै खोजिनुपर्छ ।

प्रभावित क्षेत्रमा कति मानिस छन् भन्ने आधारमा स्वास्थ्यकर्मी परिचालन गर्नुपर्छ ।

औषधि र स्वास्थ्यकर्मी पठाएर मात्र पुग्दैन। स्थानीय वातावरणको अवस्था बुझेर आवश्यक स्वास्थ्य सेवा व्यवस्थापन गर्नुपर्छ ।

**तीन तहका सरकारको समन्वय अपरिहार्य छ**

यस्तो अवस्थामा संघ, प्रदेश र स्थानीय सरकारबिच प्रभावकारी समन्वय हुनुपर्छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सरकारी र गैरसरकारी निकायबिच पनि सहकार्य आवश्यक हुन्छ ।

कुन ठाउँमा कति मानिस प्रभावित छन् र कहाँ कस्तो सहयोग चाहिन्छ भन्ने आकलन गरेर स्रोत र जनशक्ति परिचालन गर्नुपर्छ । यो काम कुनै एउटा निकायले मात्र गर्न सक्दैन। एकीकृत र समन्वयात्मक रूपमा अघि बढ्न सके स्वास्थ्य जोखिमलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ ।

**स्वास्थ्यलाई 'पछि' राख्ने गल्ती नगरौँ**

विपद्को समयमा गास, बास र कपास पहिलो आवश्यकता हुन् । तर त्यसको अर्थ स्वास्थ्यलाई पछाडि राख्नुपर्छ भन्ने होइन । बरु यही समयमा स्वास्थ्यलाई अझ बढी प्राथमिकता दिनुपर्छ ।

व्यक्तिगत सरसफाइ, सुरक्षित पानी, सुरक्षित खानेकुरा, शौचालय र साबुनपानीको व्यवस्था जस्ता कुरा सामान्य लाग्न सक्छन् । तर विपद्को समयमा यिनै सामान्य कुराले ठूलो स्वास्थ्य संकट रोक्न सक्छन् ।

बाढी-पहिरोका कारण हाम्रो ध्यान खोजी, उद्धार र राहतमा केन्द्रित हुनु स्वाभाविक हो । तर त्यस क्रममा स्वास्थ्य सेवातर्फको ध्यान कम भएर अर्को समस्या नआओस् भन्नेमा सचेत हुनुपर्छ ।

प्रभावित क्षेत्रमा स्वास्थ्य समस्या नहोस् र त्यहाँबाट सरुवा रोग अन्य क्षेत्रमा नफैलियोस् भन्ने विषयमा सबै तहबाट सतर्क हुनुपर्छ ।

प्राकृतिक विपद् कहिले आउँछ भन्ने कुरा हाम्रो नियन्त्रणमा नहुन सक्छ । तर त्यसपछि आउन सक्ने स्वास्थ्य जोखिमको पूर्वानुमान र तयारी भने गर्न सकिन्छ ।

त्यसैले बाढी आएपछि रोगको प्रतीक्षा नगरौँ । सम्भावित जोखिम पहिचान गरौँ, निगरानी बढाऔँ र रोकथामका उपाय तत्काल सुरु गरौँ । बाढीको पानी घटेपछि हाम्रो जिम्मेवारी सकिँदैन । त्यहीँबाट जनस्वास्थ्यको अर्को परीक्षा सुरु हुन्छ ।

स्वास्थ्य खबरबाट

# प्रधानमन्त्री बालेनलाई वर्षमानका १८ बुँदे सुझाव



बुटवल । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा प्रतिनिधिसभा सदस्य वर्षमान पुनले रसुवा भोटेकोसी तथा त्रिशूली क्षेत्रमा आएको प्रलयकारी बाढीबाट उत्पन्न विपत्तिको सामना गर्न प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) समक्ष तत्कालीन उद्धार र राहतदेखि दीर्घकालीन पुनर्निर्माण तथा हिमाली विपद् व्यवस्थापनसम्मका १८ बुँदे सुझाव प्रस्तुत गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका पुन बिहीबार सिंहदरबार पुगेर प्रधानमन्त्री शाहसँग भेटवार्ता गर्दै बाढीमा बेपत्ता नागरिकको खोजी, उद्धार, राहत, पुनर्स्थापना र भविष्यमा यस्ता विपद् न्यूनीकरणका विषयमा लिखित सुझाव बुझाएका हुन् ।

पुनले प्रभावित क्षेत्रको अनुगमनपछि तयार पारेको सुझावपत्रमा १० भदौ २०८३ मा रसुवा भोटेकोसी तथा त्रिशूली क्षेत्रमा आएको प्रलयकारी बाढीले देशलाई गम्भीर शोक र कठिन अवस्थामा पुर्‍याएको उल्लेख गरेका छन् । विपत्तिको सामना गर्न सरकार, राज्यका निकाय, राजनीतिक दल, नागरिक समाज र आमनागरिकबीच राष्ट्रिय एकता आवश्यक रहेको उनको भनाइ छ । प्रधानमन्त्रीलाई बुझाइएको सुझावपत्रमा पुनले १८ वटा तत्कालीन तथा दीर्घकालीन कार्यक्रम अघि सारेका छन् ।

जलविद्युत् आयोजनाका सुरुङ, विद्युत्गृह तथा अन्य सम्भावित स्थानमा हराइरहेका नागरिकको प्रभावकारी खोजी तथा उद्धार गर्नुपर्ने सुझाव दिइएको छ । राहत वितरणलाई व्यवस्थित र न्यायोचित बनाउँदै वृद्धवृद्धा, सुत्केरी, बालबालिका, गर्भवती र बिरामीलाई प्राथमिकता दिनुपर्ने पुनको सुझाव छ । प्रभावित नागरिकका लागि स्वास्थ्य उपचारसँगै आवश्यक मनोपरामर्श तथा मनोसामाजिक सहयोगको व्यवस्था गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

तत्काल सुरक्षित स्थानको पहिचान गरी विस्थापित तथा प्रभावित परिवारका लागि अस्थायी आवासको व्यवस्था गर्नुपर्ने सुझाव छ । वैकल्पिक व्यवस्था गरी विद्यालय सञ्चालन तथा विद्यार्थीको पठनपाठन तत्काल सुचारु गर्नुपर्ने र आमाबुवा दुवै गुमाएका बालबालिकाको स्नातक तहसम्मको सम्पूर्ण शिक्षाको जिम्मेवारी सरकारले लिनुपर्ने पुनले बताएका छन् ।

स्वास्थ्य, खानेपानी, विद्युत्, सञ्चार तथा सेवा प्रवाह गर्ने सरकारी कार्यालयको वैकल्पिक व्यवस्था गरी सेवा सुचारु गर्नुपर्ने सुझाव दिइएको छ । नदी तटीय क्षेत्रका लागि नयाँ मापदण्ड बनाई त्रिशूली सभ्यता पुनर्स्थापना गर्नुपर्ने तथा ल्यान्ड पुलिङमार्फत योजनाबद्ध आवास निर्माण गरी प्रभावित परिवारलाई हस्तान्तरण गर्नुपर्ने पुनको प्रस्ताव छ ।

विपद्बाट भएको व्यावसायिक क्षतिको मूल्यांकन गरी व्यवसाय पुनर्स्थापनाका लागि विशेष राहत प्याकेज घोषणा गर्नुपर्ने सुझाव दिइएको छ । हिमनदी पग्लिने क्रम, हिमतालको जोखिम, चट्टान-हिमपहिरो, बाढी तथा पहिरोजस्ता जलवायुजन्य हिमाली विपद् न्यूनीकरणका लागि राष्ट्रिय हिमालय जलवायु तथा विपद् कोष स्थापना गर्नुपर्ने प्रस्ताव गरिएको छ । नेपाल सरकार, ग्रिन क्लाइमेट फन्ड, एडप्टेसन फन्ड तथा अन्य अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालन गरी हिमाली क्षेत्रमा पूर्वसूचना, अनुसन्धान, अनुकूलन र सुरक्षित पूर्वाधारमा लगानी गर्नुपर्ने पुनको सुझाव छ ।

ठूला हिमाली विपद्लाई राहत र क्षतिको हिसाबमा मात्र सीमित नराखी वैज्ञानिक अनुसन्धान गर्न राष्ट्रिय हिमालय विपद् फरेन्सिक अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने सुझाव दिइएको छ । रसुवा भोटेकोसीजस्ता घटनामा हिमनदी, चट्टान-हिमपहिरो, पानी, गेग्रान र नदीको संयुक्त तथा क्रमिक प्रभावको वैज्ञानिक अध्ययन गर्नुपर्ने पुनले बताएका छन् । हिमाली क्षेत्रमा भूकम्पमापन यन्त्र, ग्लोबल नेभिगेसन स्याटलाइट सिस्टम (जीएनएसएस), स्वचालित क्यामेरा, नदीको जलस्तर मापन, मौसम केन्द्र, हिमताल निगरानी, ड्रोन तथा उपग्रह प्रविधिलाई एउटै प्रणालीमा जोडेर राष्ट्रिय हिमालय पूर्वसूचना तथा निगरानी सञ्जाल निर्माण गर्नुपर्ने प्रस्ताव गरिएको छ । सम्भावित विपद्को सूचना जोखिममा रहेका समुदायसम्म तत्काल पुर्‍याउने व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

सीमावर्ती हिमालय क्षेत्रमा नेपाल र चीनबीच हिमनदी, हिमताल, भूकम्पीय गतिविधि, मौसम, नदीको बहाव तथा भूआकृतिक परिवर्तनसम्बन्धी तथ्यांक वास्तविक समयमा आदानप्रदान गर्न स्थायी संयन्त्र स्थापना गर्नुपर्ने सुझाव दिइएको छ । संयुक्त वैज्ञानिक टोलीमार्फत् नियमित क्षेत्रीय अध्ययन गर्नुपर्ने पनि प्रस्तावमा उल्लेख छ ।

विपद्ले क्षति पुर्‍याएका सडक, पुल, बजार, बस्ती तथा जलविद्युत् संरचनाको पुनर्निर्माणअघि विस्तृत बहुविपद् जोखिम मूल्यांकन गर्नुपर्ने सुझाव दिइएको छ । त्यसको आधारमा सुरक्षित स्थानमा पुनर्स्थापना तथा जलवायु-प्रतिरोधी पूर्वाधार निर्माण गर्नुपर्ने पुनको भनाइ छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, इञ्जिनियर, भूगर्भविद्, जलविज्ञ, मौसमविद्, ड्रोन तथा उपग्रह विज्ञ र पर्वतारोही उद्धारक सम्मिलित राष्ट्रिय हिमाली विपद् द्रुत प्रतिकार्य तथा वैज्ञानिक टोली गठन गर्नुपर्ने सुझाव दिइएको छ । उक्त टोलीले उद्धारसँगै घटनास्थलको वैज्ञानिक प्रमाण संकलन, जोखिम मूल्यांकन र तत्काल प्राविधिक निर्णयमा सहयोग गर्ने प्रस्ताव गरिएको छ ।

हिमाली क्षेत्रको बहुविपद् जोखिम नक्सा, पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती योजना, जलवायु-प्रतिरोधी पूर्वाधार र नियमित वैज्ञानिक जोखिम मूल्यांकन अनिवार्य गर्नुपर्ने सुझाव दिइएको छ। रसुवा भोटेकोसीलाई नमुना बनाएर हिमाली क्षेत्रमा नयाँ राष्ट्रिय मापदण्ड लागू गर्नुपर्ने पुनले बताएका छन् । उनले 'रसुवाको पुनर्निर्माण मात्र होइन, रसुवाबाट नेपालको नयाँ हिमाली विपद् व्यवस्थापन प्रणालीको सुरुआत गरौं' भन्ने अवधारणा अघि सारेका छन् । अन्तर्राष्ट्रिय जलवायु वित्तलाई हिमालयको सुरक्षा, अनुकूलन, पूर्वसूचना र विपद् प्रतिरोधी पूर्वाधारसँग प्रत्यक्ष जोडेर नेपाललाई 'हिमालयन डिजास्टर रिजिलियन्स देश' बनाउनुपर्ने उनको प्रस्ताव छ । प्रभावित क्षेत्रको पुनर्निर्माण तथा भावी जोखिम न्यूनीकरणका लागि सरकारले अन्तर्राष्ट्रिय दातृ सम्मेलन आयोजना गर्नुपर्ने सुझाव दिइएको छ । विश्वव्यापी कार्बन उत्सर्जन, जलवायु परिवर्तन र तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रमा विपद्को जोखिम बढेको तथा रसुवा भोटेकोसी महाविपत्ति त्यससँग सम्बन्धित रहेको तथ्य अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्नुपर्ने पुनको सुझाव छ । यसका आधारमा क्षतिपूर्तिको दाबी गर्नुपर्ने र त्यसका लागि प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भई विश्व समुदायलाई अपिल गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

सरकारले सर्वदलीय बैठक, राष्ट्रिय समन्वय परिषद्को बैठक तथा सबै सरोकारवाला पक्षसँग आवश्यक बैठक र परामर्श गरी एकीकृत राष्ट्रिय शक्ति निर्माण गरेर महाविपत्तिको सामना गर्नुपर्ने पुनले बताएका छन् । पुनले भोटेकोसी विपत्तिलाई केवल राहत र पुनर्निर्माणको विषयमा सीमित नराखी नेपालको समग्र हिमाली विपद् व्यवस्थापन प्रणाली सुधार गर्ने अवसरका रूपमा लिन सरकारलाई आग्रह गरेका छन् ।

---

**बाढीमा** ...

भोटेकोसी बाढीमा सुरुङमा फसेका निम्ति प्राविधिक सहयोग नलिनु ठूलो भूल भएको टिप्पणी गरे । बेत्रावतीदेखि गल्छीसम्म कम्तीमा तत्काल पाँचवटा बेलिब्रिज राख्न माग गरे । राहत वितरणमा सर्वपक्षीय, सर्वदलीय हुनुपर्ने उनले जनाए। उनले एकद्वार प्रणालीका नाममा केन्द्रीकृत सोंच बनाइकोमा आपत्ति जनाए।

"राहतका सामग्री सदरमुकाम र हेर्डक्वाटरमा थुप्रिएका छन् । पीडितहरू भोकभोकै रात बिताउनुपर्ने बाध्य बनाएको छ ।"-उनले भने । उनले ग्रिन आर्मीका बारेमा पनि सरकारलाई प्रश्न गरे। 'यो ग्रीन आर्मी भनेको के हो ? के जात हो ? कहाँबाट आयो ? यसमाथि गम्भीर प्रश्न छ', सांसद केसीले भने-'सैनिक पोसाक र दर्ज्यानी चिन्हसहित जो उपस्थित भएको छ। के यो प्राइभेट मिलिटरी हो ?' यस्तो अन्य देशमा कहाँ के छ भनेर पनि उनले प्रश्न उठाए।

'अमेरिकाको ब्याक वार्टर, रुसको व्यागल वाग्नर ग्रुप जस्तै हो कि ? अथवा यो के हो ?' -उनले प्रश्न गरे। नेपालमा नेपाली जनताले एउटै नेपाली सेना मात्रै चिनेको उनले बताए । यसमा सरकारले तत्काल ध्यान दिनुपर्ने आग्रह गरे । ग्रीन आर्मी नेपाल हालै भोटेकोसी नदीको बाढी प्रभावित क्षेत्र रसुवा र नुवाकोटमा उद्धारमा खटिएको छ। यसपछि यसको चर्चा चलिरहेको छ।

यो एउटा गैरसरकारी स्वयंसेवी संस्था भनिएको छ । तर यस संस्थाका सदस्यहरू नेपाली सेनाको जस्तै देखिने चुस्ता र बुट लगाएर मैदानमा उत्रिएपछि चासो व्यक्त भएको हो । यो सामाजिक सञ्जालदेखि संसदसम्म उठेको छ।

यसअघि संसद्मा सत्तारुढ दल रास्वपाकै सांसद हरिमोहन भण्डारीले यो विषयमा छानबिनको माग राखेका छन् । 'नेपाली सेना, सशस्त्र प्रहरीले गरेको कार्यको प्रशंसा गर्न चाहन्छु र यो हरियो सेना भनेको के हो ?,' उनले भने-'यसका बारेमा अबिलम्व छानबिन गर्न मैले जरूरी देखेको छु।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपकराज बोहराले त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङमा फसेका नागरिकको अवस्था र उद्धारको प्रगतिबारे संसद्लाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराएका छन्।

उनले निर्माणाधीन जलविद्युत् आयोजनाको टनेल तथा सुरुङमाा फसेका नागरिकको सरकारले उद्धार गर्न सक्ने हो कि होइन ? भनि प्रश्न समेत गरे।

'यो त्रिशूली-३ 'ए'मा खोल्न मिल्ने हो कि होइन ? सरकारले सक्ने हो कि होइन ? कसको इफोर्ट लाग्ने हो ? त्यो सुरुङमा मान्छे जीवित छन् कि छैनन् । कसले भनिदिने हो खासमा ? विदेशी कसैको सहयोग चाहिएर कोही आउने हो कि ? सरकारले बताइदिनुपर्‍यो ।'-उनले भने । भविष्यमा हिमताल फुटेर आउने बाढीको क्षति कम गर्न एआई प्रविधिमार्फत् जोखिमयुक्त हिमतालको निगरानी गर्न समेत सरकारको ध्यानाकर्षण गराए । 'यस्ता हिमतालहरू नेपालमा धेरै छन् । अगामी दिनमा यस्ता हिमतालहरू नफुट्नका लागि एआईजडिट क्यामेराहरू हुन्छन् । एआई आफैंले रिपोर्ट गर्छ। तालमा वा पहाडमा कुनै हलचल भयो सूचना दिने खालका क्यामेरा जडान गर्ने हो कि ?'-उनले भने।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानबहादुर शाहीले जलविद्युत आयोजनाबाट जीवित व्यक्तिहरूको उद्धार गर्न नसकेको विषयमा सरकारको कडा आलोचना गरेका छन् । सरकारले अहिलेसम्म पनि संवेदनशील भएर सुरुङ खोल्न प्रयास नगरेको उनको आरोप छ। संसद बैठकमा बोल्दै शाहीले बाढीग्रस्त क्षेत्रका ७ टनेलमध्ये ५ वटा टनेलमा कुनै काम नगरेको दाबी गरे।

उनले भने-'सबै गरिसक्यो भनेर सामाजिक सञ्जालमा हल्ला गरिएको छ । तर ७ वटा टनेलमध्ये दुईवटा टनेलमा बल्ल उद्धार टोली पुगेको छ । ५ वटा टनेलमा अहिलेसम्म केही भएको छैन ।' प्रधानमन्त्रीले भनेजस्तो सबै टनेलको मुख बन्द नरहेको उनले बताए । शाहीले थपे-'यदि टनेल बन्द थियो भने जुम्लाका ६ जना दुई सय मिटर पार गरेर जीवित कसरी आए ? अझै पनि त्यहाँ जीवित मान्छे छन् । त्यो टनेलमा गइदिनुस् ।'

उनले विज्ञहरूसँग छलफल गर्न प्रधानमन्त्रीले ढिलाइ गरेको गुनासो पनि गरे । जलविद्युत्का विज्ञ कुलमान घिसिङसँग आठौं दिनमा आएर बल्ल प्रधानमन्त्रीले भेटेको उल्लेख गरे।

**सहयोग**...

संघीय सरकारले स्थानीय सरकार र जनप्रतिनिधिलाई बेवास्ता गर्दै काम गर्न खोज्दा समस्या उत्पन्न भएको उनीहरूको भनाइ थियो।

सहभागीहरूले राहत सामग्रीको अभाव नरहे पनि पीडितसम्म पुग्न नसक्नुमा एकद्वार प्रणाली जिम्मेवार रहेको बताएका थिए।

भदौ १० गतेको विपत्तिपछि सरकारले ठूलो काम गरेको जस्तो प्रचार-प्रसार गरिए पनि प्रभावित क्षेत्रमा राज्यविहीनताको अवस्था रहेको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन्।

छलफलमा नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगाना, गाउँपालिका राष्ट्रिय महासंघका निवर्तमान महासचिव बंशलाल तामाङसहित रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक,काठमाडौं,ललितपुर र भक्तपुरका महानगर, नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र पार्टी प्रतिनिधिहरू सहभागी थिए।

**विपद**...

सरकारी स्वामित्वका व्यापार कम्पनीसँग चिनी सकियो भन्ने सूचना बाहिर आउनेबित्तिकै निजी क्षेत्रका व्यापारीहरूले फाइदा उठाएर मनोमानी भाउ बढाउने परिपाटी पुरानै हो। होलसेल तहबाटै महँगोमा बिल काटेर ल्याएपछि खुद्रा व्यापारीले पुरानै मूल्यमा बेच्न सक्दैनन्, तर उपभोक्ताको गाली भने खुद्रा व्यापारीले नै खानुपरेको गुनासो उनको छ।

विपद्को समयमा बजारमा हुने यस्ता अवाञ्छित गतिविधि नियन्त्रण गर्न राज्यको बलियो र हस्तक्षेपकारी उपस्थिति अनिवार्य हुन्छ । तर, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग लगायतका सरकारी निकायहरूले औपचारिकताका लागि सूचना जारी गर्ने र मिडियामा बोल्नेबाहेक बजारमा प्रभावकारी उपस्थिति देखाउन सकेका छैनन्।

विभागका निर्देशक तथा सूचना अधिकारी अनिल किरातीले भने कालोबजारी नियन्त्रण गर्न विभाग सक्रिय रहेको दाबी गरेका छन् । अस्वाभाविक मूल्य वृद्धि गरी बेचेको पाइएमा कडा कारबाही गर्ने दाबी विभागको छ। अनुगमनका क्रममा खरिद बिलसमेत हेरिने विभागले जनाएको छ।

तर, उपभोक्ता अधिकारकर्मी तिमिल्सिना विभागको यो दाबीलाई कर्मकान्डी तथा खोक्रो मान्छन्। बजार अनुगमन तथा नियमनमा स्थानीय, प्रदेश र संघ गरी तीनै तहका सरकारको दायित्व भए तापनि मुख्य जिम्मेवारी संघीय सरकारकै रहने अधिकारकर्मी तिमिल्सिना स्पष्ट पार्छन् । प्रहरी, प्रशासन (सीडीओ कार्यालय) तथा मुद्दा चलाउने सम्पूर्ण कानुनी अधिकार र संयन्त्र संघीय सरकारसँगै निहित छ।

**Ribdikot Rural Municipality**
Khasyauli, Palpa

**Invitation for Bids**

Date of publication: 4-September -2026

1. Ribdikot Rural Municipality, Khasyauli,Palpa invites Hardcopy bids from eligible bidders for the procurement of worksas specified here under.
2. Eligibsl bidders may obtain further information and inspect the bidding document at the office of Ribdikot Rural Municipality, palpa, https://ribdikotmun.gov.np. .
3. A complete set of Bidding Documents may be purchased from the office Ribdikot Rural Municipality and the office Ribdikot Rural Municipality by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of RS.3000 till 2026/09/23 during office hours. Information to deposit the cost of bidding document in Bank:
   Name of the Office: Ribdikot Rural Municipality, Khasyauli ,Palpa
   Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)
   Office Account no: 0902050029116002(ANTARIK RAJASWA KHATA)
4. Bids must be submitted hardcopy by manual means before respective dates. Bids received after this deadline will be rejected.
5. Pre-bid meeting shall be held atRibdikot Rural Municipality khashyaulipalpa at 2:00 on 2026/9/18
6. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli ,Palpa .
7. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/CNo.:090CA50023041004) on behalf of RibdikotRural Municipality, Khasyauli , Palpa ,bid must be valid security for a period of 90 days for NCB And 45 day for SQ counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.
8. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
9. Incaseof confusion contact on 9847487945,9857075307 within office hours.The name, identification number and other details of the contract are as follows:

| S. N. | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Jaleshwor touism Promotion Ribdikot-5 | RRM/NCB/ WORKS-01/2083/84 | 17,337,995.3 | 3,000.00 | 4,00,000 | 24/09/2026 12:00 | 24/09/2026 13:00 | Hardcopy |
| 2. | Upgrading of Bhairabsthan bharkot majuwa Porakni to Ward office Road | RRM/NCB/ WORKS-02/2083/84 | 14,921,271.2 | 3,000.00 | 3,50,000 | 24/09/2026 12:00 | 24/09/2026 13:00 | Hardcopy |

**Chief Administrative Officer**

**निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(**प्रकाशित मितिः २०८३/०५/१९**)

श्री रामसिंह गुरुङको नाति, श्री टोपल सिंह गुरुङको छोरा, स्याङ्जा जिल्ला, सिर्सेकोट गा.वि.स. वडा नं. ६ को परिवर्तित गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा न १२ बस्ने ना.प्र.न. ३९९४७, (स्याङ्जा) भएको श्री केशर गुरुङको नाममा यस विकास बैकको वायटारी, स्याङ्जा शाखा कार्यालयमा बचत खाता नं ०७९०१९००८१००१५००००००१ रहेकोमा निजको मिति २०८३/०२/१५ मा मृत्यु भएको र निज मृतक केशर गुरुङको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै स्याङ्गजा जिल्ला, सिर्सेकोट गा.वि.स. वडा नं ६ को परिवर्तित गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. १२ बस्ने मृतक केशर गुरुङको छोरा नाता पर्ने श्री सन्जोक गुरुङ्गले मृतकको मृत्यु दर्ता प्रमाण-पत्र (दर्ता नं. २०२३०७०९०१८२२-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक सन्जोक गुरुङ्गलाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**गरिमा विकास बैंक लिमिटेड**

**श्री भानु माध्यमिक विद्यालय**
भानुपथ, सिद्धार्थनगर-९, रूपन्देही

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

मिति :- २०८३/०५/१८

यस श्री भानु माध्यमिक विद्यालय सिद्धार्थनगर - ९, रुपन्देहीमा प्राथमिक तह तृतीय श्रेणीको रिक्त दरबन्दिमा खुल्ला विज्ञापनद्वारा अस्थायी करार शिक्षकमा पदपूर्ति गर्नु परेकोले सो प्रयोजनका लागि तपसिल अनुसारको योग्यता पूरा गरेका नेपाली नागरिकका लागि आवेदन माग गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**तपसिल**

१) विज्ञापन नं. : २/०८३/८४
२) पद र तह : शिक्षक प्राथमिक तह
३) शैक्षिक योग्यता : प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरि प्राथमिक तहको स्थायी अध्यापन अनुमति प्राप्त गरेको
४) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५) आवेदन दस्तुर : १०००/- (रु एक हजार सय मात्र)
६) दरखास्त मिति : २०८३ भदौ १९ देखि २०८३ असोज २ गतेसम्म (कार्यालय समय भित्र)
७) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
८) तलब स्केल : नेपाल सरकारको नियम अनुसार
९) सम्पर्क मिति : २०८३ असोज ५ गते ( कार्यालय समय भित्र)
१०) परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ
११) निवेदन साथ पेश हुने कागजातहरुका प्रतिलिपि प्रमाणित गरिएको हुनुपर्ने छ।

**नोट :**

- शिक्षक सेवा आयोगबाट प्रकाशित पछिल्लो करार सूचिमा सूचिकृत उम्मेदवारको हकमा योग्यताक्रमको आधारमा नियुक्ति दिईने छ।
- थप जानकारीको लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।

**सम्पर्क नं. : ०७१५७०५३९, ९८४७५२०४२२**

(**महेश प्रसाद गुप्त**)
**प्रधानाध्यापक**

**श्री भानु माध्यमिक विद्यालय**
भानुपथ, सिद्धार्थनगर-९, रूपन्देही

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

मिति :- २०८३/०५/१८

यस श्री भानु माध्यमिक विद्यालय सिद्धार्थनगर - ९, रुपन्देहीमा माध्यमिक तह तृतीय श्रेणी गणित विषयको रिक्त दरवन्दिमा खुल्ला विज्ञापनद्वारा अस्थायी करार शिक्षकमा पदपूर्ति गर्नु परेकोले सो प्रयोजनका लागि तपसिल अनुसारको योग्यता पूरा गरेका नेपाली नागरिकका लागि आवेदन माग गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारि गराइएको छ।

**तपसिल**

१) विज्ञापन नं. : १/०८३/८४
२) पद र तह : शिक्षक माध्यमिक तह
३) विषय : गणित
४) शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको
५) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
६) आवेदन दस्तुर : १५००/- (रु एक हजार पाँच सय मात्र)
७) दरखास्त मिति : २०८३ भदौ १९ देखि २०८३ असोज २ गतेसम्म (कार्यालय समय भित्र)
८) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
९) तलब स्केल : नेपाल सरकारको नियम अनुसार
१०) सम्पर्क मिति : २०८३ असोज ५ गते ( कार्यालय समय भित्र)
११) परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ
१२) निवेदन साथ पेश हुने कागजातहरुका प्रतिलिपि प्रमाणित गरिएको हुनुपर्ने छ।

**नोट :**

- शिक्षक सेवा आयोगबाट प्रकाशित पछिल्लो करार सूचिमा सूचिकृत उम्मेदवारको हकमा योग्यताक्रमको आधारमा नियुक्ति दिईने छ।
- थप जानकारीको लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।

**सम्पर्क नं. : ०७१५७०५३९, ९८४७५२०४२२**

(**महेश प्रसाद गुप्त**)
**प्रधानाध्यापक**

# सुस्ताको 'सीमा स्तम्भ' सिमलको रूख बाढीले बगायो



बुटवल । नारायणी नदीमा आएको बाढीले पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित नेपाल-भारतको सीमा छुट्याउने सिमलको रुख बगाएको छ । सुस्ता गाउँलाई बाढीबाट जोगाउन नारायणी नदीमा सरकारले १ सय ३२ मिटर तटबन्ध निर्माण थालेकामा भारतीय एसएसबीले अवरोध गरेका कारण दुई महिनादेखि काम रोकिँदा सोही क्षेत्रबाट बाढी पसेको स्थानीयले बताएका छन् । सुस्ता-५ का वडा सदस्य समेत रहेका सुस्ता बचाउ अभियानका अध्यक्ष आदम खानले बुधबार राति आएको बाढीले सीमा स्तम्भ मान्दै आइएको सिमलको रुख बगाएको जानकारी दिए ।

नारायणी नदी पारि थारू टोलमा रहेको यो रुखलाई नेपाल र भारतका जिल्लास्तरका सुरक्षा प्रमुख र स्थानीयको सहभागितामा १८ वर्षअघि २०६५ सालमा सीमा स्तम्भको रूपमा मान्ने सहमति भएको थियो ।

बाढीले यो सिमलको रुख बगाएपछि सुस्तावासीले स्थायी सीमा स्तम्भ तत्काल राख्नुपर्ने माग गरेका छन् ।

सुस्तामा स्थायी सीमा स्तम्भ नहुँदा भारतीय पक्षले पटक-पटक विवाद गर्दै आएकोले स्थायी सीमा स्तम्भ तत्काल राख्नुपर्ने सुस्ता गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यायले संघीय सरकारसँग माग गरे । 'स्थायी सीमा स्तम्भ नभएकै कारण भारतीय पक्षले पटक-पटक नेपाली भूमि अतिक्रमण गर्ने र विवाद निम्त्याउने गरेको छ ।'-अध्यक्ष उपाध्यायले भने ।

तीनदिन अघि आएको बाढीका कारण सुस्ताको थारू टोलामा समेत पानी पसेर २० बिघा क्षेत्रफलमा लगाइएको उखु खेतीमा क्षति पुराएको थियो । सीमा विवाद रहेको सुस्ता ५ मा २२० घरधुरीका १४ सय ५७ घरपरिवारको बसोबास छ । प्रधानमन्त्री बालेन शाहले संसद्को रोष्ट्रमबाट नेपालले भारतको सीमा थुप्रै ठाउँमा मिचेको अभिव्यक्ति दिएपछि सुस्ताको सीमा विवादमा भारतीय पक्षलाई बल पुगेको उपाध्यायले उल्लेख गरे ।

# बाढीपीडितका लागि यातायात व्यवसायी समितिद्वारा ५ लाख सहयोग



बुटवल । रसुवाको भोटेकोसीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलले ५ लाख १ हजार ४ सय ५९ रुपैयाँ सहयोग गरेको छ । समितिका पदाधिकारी, सदस्य तथा व्यवसायी र समितिमा गठित स्वतन्त्र कर्मचारी युनियनबाट रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो । समितिका पदाधिकारी, सदस्य तथा व्यवसायीबाट ४ लाख ४ सय ५९ रुपैयाँ संकलन भएको कार्यालय प्रमुख प्रकाश गेरैले बताए । समितिमा गठित स्वतन्त्र कर्मचारी युनियनबाट १ लाख १ हजार रुपैयाँ संकलन भएको अध्यक्ष हिम्मत आचार्यले जनाए । संकलित रकममध्ये ३ लाख ५० हजार ४ सय ५९ रुपैयाँ रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालमार्फत् र १ लाख ५० हजार रुपैयाँ नेपाल ट्रक यातायात व्यवसायी महासंघमार्फत् उद्धार कोषमा पठाइएको समितिका अध्यक्ष यामबहादुर जिसीले जानकारी दिए ।

रकम हस्तान्तरण कार्यक्रममा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले पश्चिमाञ्चल यातायात व्यवसायी समितिले गरेको सहयोगको प्रशंसा गरे । आफ्नै व्यवसायी तथा समुदायका सदस्यसमेत विपद्बाट प्रभावित भएको अवस्थामा राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्नु उदाहरणीय भएको उनले बताए ।

विपदको समयमा सरकारी प्रयाससँगै निजी क्षेत्र तथा विभिन्न संघसंस्थाबाट प्राप्त सहयोगले प्रभावित नागरिकको उद्धार र राहतमा थप मद्दत पुग्ने अपेक्षा गरिएको छ । भोटेकोसी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि सहयोग जुटिरहेका बेला यातायात व्यवसायी समितिको यो सहयोगले सामाजिक उत्तरदायित्व र मानवीय सहयोगको भावना थप बलियो बनाएको छ । समितिमा आबद्ध ११ वटा ट्रक चालक परिचालक समेत सो बाढीमा परि बेपत्ता भएको अध्यक्ष जीसीले जानकारी दिए । यस्तो विष परिस्थितिमा पनि समितिले यस क्षेत्रमा संकलित राहत सामग्री ओसार पसारका लागि दैनिक ३ वटा ट्रक निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको छ ।

**कल्पना सप्लायर्सद्वारा १ लाख ५१ हजार रुपैयाँ सहयोग**

त्यस्तै कल्पना सप्लायर्सका प्रोपराइटर तथा यातायात व्यवसायी टीकाराम गौतमले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन् । गौतमले उक्त रकम रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालमार्फत् प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका हुन् । भोटेकोसीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको र प्रभावित नागरिकको उद्धार तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले आफूले सहयोग गरेको प्रोपराइटर गौतमले बताए । सहयोग रकम ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले विपद्को समयमा पीडित नागरिकका लागि सहयोग गर्नु सामाजिक उत्तरदायित्वको महत्वपूर्ण उदाहरण भएको उल्लेख गरे ।

उनले विपद्का बेला व्यक्तिगत तथा संस्थागत क्षेत्रबाट प्राप्त हुने यस्ता सहयोगले प्रभावित नागरिकको राहत र पुनःस्थापनामा महत्वपूर्ण योगदान पुग्ने उल्लेख गर्दै कल्पना सप्लायर्सका प्रोपराइटर टीकाराम गौतमप्रति धन्यवाद तथा प्रशंसा व्यक्त गरेका थिए ।

# बाढीपीडितलाई मिलिजुली टोल विकास संस्थाको ९३ हजार सहयोग



बुटवल । रसुवाको भोटेकोशी क्षेत्रमा भदौ १० गते आएको बाढीपहिरोबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि बुटवल उपमहानगरपालिका-१०, नहरपुरस्थित मिलिजुली टोल विकास संस्थाले ९३ हजार ६ सय २१ रुपैयाँ आर्थिक सहयोग गरेको छ । मिलिजुली टोलमा बसोबास गर्ने व्यक्तिवाट रकम संकलन गरी उक्त सहयोग रकम ग्लोवल आइएमई बैंकमा रहेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

प्राकृतिक विपत्तिका कारण समस्यामा परेका नागरिकको उद्धार तथा राहतमा सहयोग पुऱ्याउने उद्देश्यले टोलवासीले स्वःस्फूर्त रूपमा रकम संकलन गरेका हुन् । विपद्को समयमा पीडित नागरिकलाई सहयोग गर्नु मानवीय तथा सामाजिक दायित्व भएको भन्दै टोलवासीले आफ्नो क्षमताअनुसार सहयोग गरेको टोल विकास संस्थाका अध्यक्ष ऋषिराम काफुले बताए ।

"विपद् कसैलाई भनेर आउँदैन । यस्तो अवस्थामा पीडितको उद्धार र राहतमा राज्यसँगै सबै क्षेत्रको सहयोग आवश्यक हुन्छ," उनले भने-"हामीले सानो भए पनि आफ्नो तर्फबाट योगदान गरौं भन्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम सहयोग गरेका हौं ।"

टोल विकास संस्था सामाजिक तथा सामुदायिक गतिविधिमा समेत सक्रिय रहँदै आएको छ । संस्थाले टोलको सरसफाइ, वातावरण संरक्षण, सामाजिक सचेतना, विपदमा परेका नागरिकलाई सहयोग, सार्वजनिक हितका काम तथा विभिन्न सामाजिक अभियानमा टोलवासीको सहभागिता जुटाउँदै आएको छ । समुदायमा आपसी सहयोग, सद्भाव र सहकार्यको भावना विकास गर्ने उद्देश्यले संस्थाले विभिन्न रचनात्मक गतिविधि सञ्चालन गर्दै आएको संस्था सचिव जगलाल नेपाली बताए ।

# बाढीपीडितका लागि इस्मा गाउँपालिकाको २१ लाख १ हजार ६९६ रुपैयाँ सहयोग



गुल्मी । भोटेकोसी नदीमा आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत, उद्धार र पुनर्स्थापनाका लागि गुल्मीको इस्मा गाउँपालिकाले २१ लाख १ हजार ६९६ रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ ।

बाढी-पहिरोका कारण ठूलो जनधनको क्षति भएपछि विपदमा परेका नागरिकलाई राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले गाउँपालिकाले जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूको योगदानसहित पालिका कोषबाट उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

इस्मा गाउँपालिकाकी उपाध्यक्ष पार्वती कुँवरले विपद्को कठिन समयमा प्रभावित नागरिकको साथमा उभिनु सबैको कर्तव्य भएको बताइन् । उनले स्थानीय तहको तर्फबाट पीडित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै मानवीय सहयोगका रूपमा रकम उपलब्ध गराउने निर्णय गरिएको जानकारी दिइन् ।

उनले भनिन्-"बाढी-पहिरोको यो कठिन समयमा प्रभावित क्षेत्रका नागरिकहरूको साथमा उभिनु हाम्रो कर्तव्य हो । जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूको योगदान एवम् पालिका कोषबाट रु. २१ लाख १ हजार ६९६ रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गर्ने निर्णय गरेका छौं ।"

उपाध्यक्ष कुँवरका अनुसार विपद्को अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले यसअघि निर्धारित तिजगीत प्रतियोगिताहरू समेत स्थगित गर्ने निर्णय गरेको छ । विपद्का कारण नागरिकहरू पीडामा रहेका बेला उत्सव तथा मनोरञ्जनका कार्यक्रम स्थगित गरी प्रभावित परिवारको दुःखमा ऐक्यबद्धता जनाइएको उनले बताइन् ।

उनले बाढी-पहिरोमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेकी छिन् ।

भोटेकोसी बाढीले रसुवासहित विभिन्न जिल्लामा ठूलो जनधनको क्षति पुऱ्याएको छ । बाढीपछि प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सरकारी निकाय, स्थानीय तह, विभिन्न संघसंस्था तथा व्यक्तिहरूले सहयोग गर्दै आएका छन् । इस्मा गाउँपालिकाले विपद्मा परेका नागरिकलाई सहयोग गर्नु स्थानीय सरकारको सामाजिक दायित्व भएको जनाएको छ । गाउँपालिकाबाट उपलब्ध गराइने उक्त रकमले बाढी प्रभावित परिवारको तत्कालीन राहत तथा पुनर्स्थापनाका काममा केही भए पनि टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# पाल्पा अस्पतालमा सेवा र बिरामी बढ्दै



कृष्ण पोखरेल

*पाल्पा*

पाल्पा अस्पतालमा उपचार सेवा र चिकित्सक, कर्मचारी थपिदै गएपछि बिरामीको संख्या दिनहुँ बढ्दैगएको छ । पाल्पा अस्पतालले गतवर्ष २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म करीव ९५ हजार बिरामीलाई उपचार सेवाप्रदान गरेको छ । भवन तथा भौतिक पूर्वाधारको अभावमा अस्पतालमा दिनहुँ बिरामीको संख्या बढे पनि एउटै टेलबलमा ३ जना चिकित्सकले बिरामी जाच्नुपर्ने बाध्यता रहेको छ । पछिल्लो समय पाल्पा अस्पतालमा दैनिक ५ सयसम्म बिरामीहरुले उपचार सेवा लिएका छन् ।

पाल्पा अस्पतालले आर्थिक वर्ष २०८२ / ०८३ मा भएको उपचार तथा सेवाप्रवाहको अवस्थाबारे समीक्षा गरेको छ । अस्पताल विकास समिति, संघीय, प्रदेश र स्थानीय गरी तीनतहकै जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, पत्रकार, नागरिक अगुवा, विभिन्न संघ संस्थाको सहभागितामा अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डन डा. शान्तबहादुर रोका मगरले विगत वर्षको सेवा प्रवाह तथा काम गर्दा आइपरेका समस्याहरुको बारेमा जानकारी गराएका छन् । पाल्पा अस्पतालमा पर्याप्त भवन, उपचार सेवामा कठिनाई हुँदै आएको छ ।

अस्पतालबाट गतवर्ष ९४ हजार ४ सय ८४ जना बिमितले सेवा लिएका छन् । अस्पतालले आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य बिमा सेवालाई थप व्यवस्थित, ख वर्गको एम्बुलेन्स खरिद, ई-हाजिरी प्रणाली, उपचार सेवालाई व्यवस्थित बनाउन चारवटा काउन्टर सञ्चालन, कल्चर ल्याब स्थापना तथा नयाँ परीक्षण सेवा, फिजियोथेरापी सेवाविस्तार, प्रशासनिक व्यवस्थापन, अक्सिजन प्लान्ट मर्मत तथा सञ्चालन, दन्त सेवाको स्तरोन्नति, आँखा उपचार तथा चस्मा वितरण तथा शल्यक्रिया कक्ष निर्माणलगायतका कामहरु प्राथमिकताका साथ गरेको अस्पताल प्रमुख डा. रोकाले जानकारी दिए ।

आगामी दिनमा अस्पतालको जग्गा व्यवस्थापन गरी डीपीआर निर्माण गरी नयाँ भवन निर्माण गर्ने, मर्चरी च्याम्बर स्थापना, इको प्रोब खरिद, साना ओटी उपकरण थपगर्ने, स्वास्थ्य बिमा काउन्टर बढाउने, कर्मचारी क्वार्टर व्यवस्थापन, नयाँ प्रयोगशाला परीक्षण सेवा तथा नेत्ररोग सेवाका लागि एनसीटी/स्लिट ल्याम्प खरिद गर्ने योजना अघि सारेको अस्पताल विकास समितिका अध्यक्ष अजय कर्माचार्यले बताए । समितिका अध्यक्ष कर्माचार्यले अस्पतालको चौतर्फी विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आधुनिक भवन निर्माणसँगै आवश्यक थप जग्गाको व्यवस्थापन जरुरी रहेको बताए । अस्पतालको सेवा विस्तार र सुधारका लागि विभिन्न कोणबाट प्रयास भइरहेको उनले जानकारी दिए ।

आर्थिक वर्ष २०८२/८३ मा अस्पतालले सार्वजनिक गरेको आकस्मिक सेवाको प्रमुख १० रोगहरुमध्ये पहिलोमा ९.१७ प्रतिशत सीओपीडीका बिरामी रहेका छन् । दोस्रो स्थानमा पेट दुखाइ ८.१७ प्रतिशत, तेस्रोमा जनावरको टोकाइ ६.६८ प्रतिशत र चौथोमा एक्युट ग्यास्ट्राइटिस ६.२९ प्रतिशत रहेका छन् ।

त्यसैगरी छाती दुख्ने समस्या ४.२८ प्रतिशत, सास फेर्न गाह्रो हुने समस्या करिब ४.१६ प्रतिशतर उच्च रक्तचापसम्बन्धी बिरामी ३ प्रतिशतभन्दा बढी रहेका छन् । मिर्गौलाको समस्या, मांसपेशी तथा हाडजोर्नीसम्बन्धी चोटपटक र दाँत दुखाइका बिरामीहरु पनि आकस्मिक सेवामा आउने गरेको अस्पतालले जनाएको छ । आकस्मिक सेवाबाट कुल ४ हजार १६२ जना बिरामीले सेवा लिएका छन् । अस्पतालमा बिरामीको चाप बर्सेनी बढ्दै गएको छ । ३ वर्षको बिरामीको विवरण हेर्दा गतवर्ष ओपिडीमा ९२ हजार २७० जना, अघिल्लो वर्ष ८९ हजार ९४० जना र आर्थिक वर्ष २०८१/०८२ मा८१ हजार १९१ बिरामीले सेवा लिएका छन् । पाल्पा अस्पतालमा, पेटसम्बन्धी समस्या, चोटपटक, उच्च रक्तचाप, मधुमेह, कोलेस्टोरलगायतन सर्ने रोगसम्बन्धीका बिरामीको संख्या दिनहुँ बढ्दै गएको पाइएको छ ।

समीक्षा कार्यक्रममा पाल्पा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य माधव थापाले अस्पतालको भौतिक पूर्वाधार विकासका लागि आफूले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व स्वास्थ्यमन्त्री खेमबहादुर सारुले अस्पतालको भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउँदै सारुले आफू स्वास्थ्यमन्त्री रहँदादेखि नै अस्पतालको भवननिर्माणका लागि पहल गर्दै आएको बताए । प्रदेशसभा सदस्य इन्द्रा गहतराजले अस्पतालको विकासका लागि प्रदेश सरकारबाट आवश्यक बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रममा जिल्ला समन्वय समितिकी उपप्रमुख काशिका गैरे, तानसेन नगरपालिकाकी उप-प्रमुख प्रतीक्षा गाहा, अस्पताल विकास समितिका पूर्व अध्यक्षहरू डा. पुरन बज्राचार्य, नेत्र पाण्डेलगायतले अस्पतालको सेवा र पूर्वाधार विकासका विषयमा धारणा राखेका थिए ।

# व्यापार संघको परिषद् बैठक

बुटवल । रुपन्देही व्यापार संघको परिषद् बैठक बिहीबार संघको सचिवालयमा सम्पन्न भएको छ । संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षतामा सम्पन्न बैठकमा वर्तमान कार्यसमिति, सस्थापक अध्यक्ष, पूर्व अध्यक्ष, सल्लाहकार, शाखा अध्यक्ष तथा वस्तुगत उप-समितिका संयोजकहरूको सहभागिता रहेको थियो ।

संघको विधानमा व्यवस्था भएअनुसार परिषद् बैठकको आयोजना गरिएको संघका अध्यक्ष प्रकाश ढकालले बताए । परिषद् बैठकमा प्रमुख अतिथि एवं संघका संरक्षक मोतीराज ज्ञवालीले संघको संस्थागतविकास, आगामी कार्ययोजना, व्यवसायीका समसामयिक समस्या तथा संघलाई थप प्रभावकारी बनाउने विषयमा महत्वपूर्ण सुझाव तथा धारणा राखेका थिए ।

बैठकमा बोल्दै संघका पूर्व अध्यक्षहरू टंकप्रसाद पोखरेल, मोतीलाल पाण्डेलगायतले संघको स्थापना, विगतका गतिविधि र संस्थाले व्यवसायीको हकहितकालागि गर्दै आएको भूमिकाका विषयमा चर्चा गर्दै आगामी दिनमा संघलाई अझ सशक्त र प्रभावकारी ढंगले अघि बढाउनुपर्नेमा जोड दिँदै संघको गरिमा र संस्थागत एकतालाई कायम राख्दै समयानुकूल कार्ययोजना बनाएर अघि बढ्न सुझाव दिएका थिए । बैठकमा संघका सल्लाहकार परिषद्का संयोजकमाधब नेपाल, सल्लाहकारहरु डिल्लीराज भण्डारी, बैकुण्ठप्रसाद कोइराला, तेजप्रसाद सुनार,गोविन्द घिमिरे, तुल्सीराम बन्जाडेगायतले बोल्दै वर्तमान कार्यसमितिले अघि सारेका आगामी कार्ययोजना, व्यवसायीका समस्या तथा समाधानका उपाय, संघका गतिविधिलाई थप प्रभावकारी बनाउने विषयमा विभिन्न धारणाहरु राखेका थिए ।

यस्तै बैठकमा संघका शाखा तथा वस्तुगत उप-समितिका संयोजकहरूले आ-आफ्नो क्षेत्रका समस्या र आवश्यकताबारे जानकारी गराउँदै संघको आगामी योजनामा ती विषयलाई प्राथमिकताका साथ समेट्न आग्रह गरेका थिए । बैठकले व्यवसायीका हकहित, संस्थागत सुदृढीकरण तथा संघको भूमिका थप प्रभावकारी बनाउँदै आगामी दिनमा विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com